थाहानगरका मुक्तककार बिर्खे अञ्जानसहित तीनजना सम्मानित । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-३३ ● २०८० फागुन १४ गते सोमबार, ● 26 Feb., 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## इन्द्रसरोवरले महिला उद्यमी सम्मान गर्ने



◆ विकास संवाददाता


मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले 'महिलासँग उपाध्यक्ष उद्यमी कार्यक्रम' अन्तर्गत अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा २५ फागुनमा महिला उद्यमी सम्मान गर्ने भएको छ । सम्मानका लागि शर्तहरू पूरा गरी निवेदन पेश गर्न पालिकाले सूचना प्रकाशन गरेको छ । उद्यमी महिलाहरूलाई १९ फागुनसम्म पालिकामा निवेदन पेश गर्न सूचनामा अनुरोध गरिएको छ ।

निवेदन दिनका लागि महिला उद्यमीहरू इन्द्रसरोवर गाउँपालिकाको स्थायी बासिन्दा भएको हुनुपर्ने सूचनामा उल्लेख गरिएको छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) बाट तालिम प्राप्त गरी तथा सोही कार्यक्रम अन्तरगत प्रविधि हस्तान्तरणबाट विभिन्न सामग्रीहरू प्राप्त गरी उद्यममूलक क्रियाकलापबाट आयआर्जन गरिरहेका र बढाएकाहरूलाई विशेष प्राथमिकता दिइनेछ । उद्यम गर्ने उद्देश्यले कुनै व्यवसाय स्थापना गरी आयआर्जन गरिरहेका महिला उद्यमीहरूको हकमा महिला उद्यमीको नाममा रहेको व्यवसाय दर्ता प्रमाणपत्र, नवीकरण प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

उद्यममूलक काय गरी कसैलाई रोजगारी दिएको भएमा कति जनालाई कस्तो किसिमको रोजगारी दिएको हो ? सो खुल्ने गरी सम्बन्धित वडाको सिफारिस पत्र सहित प्रमाण, हस्तकला, कृषिमूलक उद्यम, पशु तथा पंक्षीपालन, सिलाई बुनाई, ढाका कपडा, ब्युटीसियन व्यवसाय, होटल व्यवसाय, अचार उत्पादन, सिस्नो पाउडर, बाँसबाट उत्पादित सामान सम्बन्धि उद्यम लगायतका अन्य सबै प्रकारका महिला उद्यमीहरूले आवेदन पेश गर्न सक्ने पालिकाबाट प्रकाशित सूचनामा उल्लेख गरिएको छ ।

## मकवानपुरका स्थानीय सरकारको मूल्याङ्कन

# कस्को स्थान कहाँ ?




विकास संवाददाता
थाहानगर

चालु आर्थिक वर्ष २०८०/०८१ को आठ महिना लाग्दा संघीय सरकारले स्थानीय सरकरको विभिन्न मूल्याङ्कनका नतिजाहरू सार्वजनिक गरेको छ । संघीय सरकारले विभिन्न सूचकमा आधारित भएर आर्थिक वर्ष २०७९/०८० को मूल्याङ्कन गरेको हो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहहरूको कार्य सम्पादन मुल्याङ्कन (कासमू), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (लिजा) र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (एफआरए) का सूचकहरूमा मूल्याङ्कन गरेको हो ।

वित्त आयोगले स्थानीय सरकारहरूको १४ सूचकमा आधारित भएर कार्य सम्पादन मूल्याङ्कनको प्रारम्भिक नतिजा सार्वजनिक गरेको छ । नतिजा अनुसार मकवानपुरमा हेटौंडा उपमहानगरपालिका प्रथम स्थानमा रहेको छ । ८ फागुनमा सार्वजनिक गरेको नतिजा अनुसार हेटौंडाले ३७.११ अंक पाएको छ । कार्यसम्पादन मूल्याङ्कनमा थाहा नगरपालिका दोस्रो स्थानमा रहेको छ । थाहाले ३६.६६ अंक प्राप्त गरेको छ । मकवानपुरका स्थानीय तहहरूमा कार्यसम्पादनमा सबैभन्दा कमजोर बागमती गाउँपालिका रहेको पाइएको छ । बागमतीले कार्यसम्पादन मुल्याङ्कनमा १६.२२ अंक मात्र पाएको छ । कार्यसम्पादन मूल्याङ्कन अनुसार इन्द्रसरोवर गाउँपालिकाले २५.५२ अंक पाएको छ । आयोगले १७ मध्ये १४ वटा सूचकमा मात्र स्थानीय तहको मूल्याङ्कन गरेको जनाएको छ । कैलाशले ३२.५२, मनहरीले २९.८४, भीमफेदीले ३१.९१ अंक पाएको छ ।

त्यसैगरी मकवानपुरगढीले ३१.९७, बकैयाले २४.८४ अंक र राक्सिराङले २४.२४ अंक प्राप्त गरेको छ । कार्यसम्पादन मूल्याङ्कनको सूचकका आधारमा स्थानीय तहमा वित्तिय समानीकरण अनुदानको अंक निर्धारण हुने गर्दछ । प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ को दफा ७ को अधिनमा रही प्रदेश र स्थानीय तहका लागि निर्धारण गरिएको कार्यसम्पादन सूचकको मूल्याङ्कन गरी अंक प्रदान गरिएको आयोगले जनाएको छ । स्थानीय तहहरूलाई वित्त आयोगले ७६ पूर्णाङ्क कायम गरी कार्य सम्पादन मूल्याङ्कन गरेको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पनि स्थानीय तहहरूको स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (एफआरए) गरेको छ । जिल्ला समन्वय समितिहरूले प्रमाणको आधारमा प्रणाली मार्फत स्थानीय सरकारको मूल्याङ्कन गरेको नतिजा सार्वजनिक गरेको हो । मकवानपुर जिल्लाको १० स्थानीय तहहरूमा मनहरी गाउँपालिका र थाहा नगरपालिका यस मूल्याङ्कनमा अग्र स्थानमा रहेका छन् । दुवै स्थानीय तहहरूले वित्तिय सुशासन जोखिम मुल्याङ्नमा समान ७३.५ प्रतिशत प्राप्त गरी अग्र स्थानमा रहेका हुन् ।

यसैगरी कुल ७१ अंक सहित हेटौंडा उपमहानगरपालिका दोस्रो स्थानमा छ भने कैलाश र मकवानपुरगढी गाउँपालिका समान अंक ७० दशमलब ५ प्राप्त गर्दै तेस्रो स्थानमा रहेका छन् । बकैया गाउँपालिकाले ६८.५, राक्सिराङ गाउँपालिका ६४.५, बागमती गाउँपालिका ६०.०५, भीमफेदी ४७.५ र इन्द्रसरोवर गाउँपालिकाले ४५.५ अंक प्राप्त गरेका छन् । स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम प्रत्येक आर्थिक वर्षमा स्थानीय तहहरूको मूल्याङ्कन हुने गर्दछ । यस मूल्याङ्कन अन्तर्गत पाँचवटा विषय क्षेत्रमा एकसय वटा सूचक रहेका छन् ।

यसैबीच स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (लिजा) मा आर्थिक वर्ष २०७९/०८० मा हेटौंडा उपमहानगर पालिका ८८.५ अंक सहित अग्रस्थानमा रहेको छ । मनहरी गाउँपालिकाले ७७.५ अंक पाएको छ । त्यसैगरी थाहा नगर

बाँकी पृष्ठ ४ मा

## अनलाइन र फोनबाट गुनासो सुन्दै हेटौंडा सरकार

◆ विकास संवाददाता

सेवाग्राहीको गुनासो सुन्नका लागि हेटौँडा उपमहानगरपालिकाले अनलाइन र फोनसेवामार्फत गुनासो दर्ता गर्ने स्वचालित प्रणाली सञ्चालनमा ल्याएको छ। उपमहानगरपालिकामार्फत प्रदान गर्दै आएको सेवा र सुविधालाई प्रभावकारी बनाउने उद्देश्यले उपमहानगरले अनलाइन र फोनमार्फत गुनासो सुनुवाइको व्यवस्था मिलाएको हो ।

उपमेयर राजेश बानियाँले उपमहानगरले नगरवासीलाई प्रदान गर्ने सेवा प्रवाह, स्थानीय विकासलगायत अन्य विभिन्न विषयमा सेवाग्राहीको समस्या सुन्न सहजता होस् भन्ने उद्देश्यले गुनासो दर्ता सेवा सुरू गरेको जानकारी दिए । गुनासो दर्ताका लागि उपमहानगरपालिकाले सफ्टवेयर सञ्चालनमा ल्याई घरमै बसेर फोन वा इन्टरनेटको मध्यमबाट गुनासो टिपाउन सिकने उपमेयर बानियाँले स्पष्ट पारे । यसका लागि उपमहानगरका अनुसार इन्टरनेट सेवामार्फत कार्यालयबाहेकको समयमा पनि उपमहानगरको वेबसाइटमा लिखित र ०५७-५९७००१ नम्बरको फोनमार्फत मौखिक गुनासो रेकर्ड गराउन सकिनेछ ।

अहिले टेलिकममार्फत गुनासो भ्वाइस रेकर्ड गराउन सकिनेछ। केही समयभित्रै अन्य सेवा प्रदायक कम्पनीका फोन तथा मोबाइलबाट समेत यो सेवा लिन सकिने व्यवस्था मिलाउने उपमेयर बानियाँले बताए । यो सेवा २४ सै घण्टा चालू रहनेछ ।



# • सम्पादकीय •

## कृषि बीमाको महत्व

प्रत्येक वर्ष धेरै किसानहरू प्राकृतिक प्रकोप तथा कीरा र रोगका कारण बालीको नोक्सानी भोगिरहेका छन् । भविष्यमा हुनसक्ने आर्थिक तथा भौतिक क्षतिको पुर्ताल गर्न बिमित (बीमा गर्ने व्यक्ति) र बीमक (बीमा गरिदिने व्यक्ति) बीच हुने एक प्रकारको सम्झौतालाईइ बीमा भनिने गरिन्छ । बालीनालीमा लाग्ने किरा, अतिबृष्टि, खडेरी, बाढी, सलह, आदिको जोखिम तथा पशुहरुमा लाग्ने रोग, बाघ भालुको डर आदिको जोखिम विरुद्ध गरिने बीमालाई बाली तथा पशु बीमा भनिन्छ । कृषकलाई केन्द्रित गरी कृषि बिमा ल्याइएको छ । मकवानपुरको थाहा नगरपालिकाले वर्षेनी यस किसिमको कृषि बीमाका लागि बजेट विनियोजन गर्ने गरेको छ । चालु आर्थिक वर्ष २०८०/०८१ का लागि पनि थाहा नगरपालिकाले बजेटको व्यवस्था गरेको छ । बीमाका दिइने अनुदानका लागि पालिकाले सूचना आव्हान गरिसकेको छ । संघीय सरकारले वि.सं. २०६९ साल माघ १ गतेबाट लागू हुने गरी कृषिमा बीमा नीति ल्याएको थियो । यसपछि बाली तथा पशुपंक्षी दुवैको बीमा हुन सुरु भएको हो । बाली तथा पशुपन्छि बीमामा कृषि क्षेत्रलाई विस्तार एवम् प्रवर्द्धन गर्ने, कृषकहरुको काबु भन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यवसायिक खेती तर्फ आकर्षित गर्न सहयोग गर्ने, कृषि क्षेत्रमा नीजि तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्ने, कृषि क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्ने, कृषि उत्पादनलाई वृद्धि गरी आयातलाई प्रतिस्थापन गर्ने प्रमुख उदेश्यहरु रहेका छन् ।

बीमाले धानबाली, तरकारी, फलफुल, आलु पंक्षि र माछा बीमा अबधीभित्र हानी नोक्सानी भएमा बिमकले बीमाङ्क रकमको ९० प्रतिशत रकम बिमितलाई भुक्तानी गर्नेछ व्यवस्था छ । आगलागी, चट्याङ, भूकम्प, बाढी, डुबान, खडेरी, पहिरो, आँधिबेहरी, असिना हिउँ वा तुषारो, आकास्मिक दुर्घटनाजन्य बाह्य कारण, किरा तथा रोगबाट हुने हानी नोक्सानी (माछाको हकमा अक्सिजनको कमी, एमोनियाबाट हुने नोक्सानी समेत बीमाले ब्यहोर्नेछ । विशालु पदार्थबाट मरेमा पशुधनको हकमा स् मृत्यु भएमा बीमाङ्क रकमको ९० प्रतिशत उपलब्ध हुन्छ भने पूर्णरुपमा असक्त भएमा बीमा रकमको ५० मात्र दिने उल्लेख छ । तर पशु थुनेलो भएको अवस्थामा ३० प्रतिशत मात्रै दाबी गर्न पाइने निर्देशिका छ । प्रत्येक कृषकले सुरक्षण गर्न पाउने बालिको न्यूनतम क्षेत्रफल पहाडमा ८ आना र तराईमा १ का हुनु पर्नेछ । सो भन्दा कम क्षेत्रफलमा लगाईएको बालिको लागि बीमा लेख जारी गरिएको छैन । बीमा प्राप्त गर्न सरकारले जारी गरेको निर्देशिकामा सुरक्षण हुने बालिको लागत तथा क्षेत्रफल पनि तोकिएको छ । पशु पन्छी तथा बाली बिमा गराउन चाहने बीमितले कम्पनीले उपलब्ध गराएको पशुपन्छी तथा बाली बिमा प्रस्ताव फारम पूर्णरुपले भरी बाली र पशुपन्छीको विवरण पूरा खोल्नुपर्छ । साथै पशुपन्छी स्वास्थ्य विवरण सम्बन्धित पशु चिकित्सक/प्राविधिक/कृषि प्राविधिकबाट भराउनु पर्छ । सो पशु पहिचानको लागि चिकित्सक वा प्राविधिकबाट संकेत पट्टा लगाई सो को नम्बर पनि बिमा प्रस्ताव फाराममा उल्लेख गर्नुपर्छ ।

देशबाट विदेशिने युवाको संख्या बढ्दै गएपछि नेपाल सरकारले कृषिमा लगानी बढाई युवा वर्गलाई स्वदेशमै रोजगारी दिने खालका विभिन्न कार्यक्रम ल्याएको मान्न सकिन्छ । सरकारले बीमा कार्यक्रम ल्याएको थियो त्यसमा सफल भएको दाबी गर्ने अवस्था नभए पनि सुरुवात भने राम्रो मान्न सकिन्छ । बीमा गराउनु पर्दछ भन्ने चेतना सबै कृषकहरूमा पुग्न सकेको छैन । यसतर्फ सरकारले ध्यान दिनू आवश्यक छ । बीमाका बारेमा बुझेकाहरू पनि बीमाका झन्झटीला प्रक्रिया सुनेरै त्रसित छन् । बीमा लिन जाँदाको झन्झटीलो प्रक्रिया सहज बनाइनु पर्दछ । काम गर्नेलाई प्रोत्साहित गर्ने खालका कार्यक्रम ल्याउन जरुरी छ । निजी बीमा कम्पनी नाफामुलक हुने हुँदा किसानको समस्यालाई राज्यले नै आफ्नो दायित्वका रुपमा लिइ जिम्मा पनि लिनु पर्दछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सार्वजनिक खरिद व्यवस्थापनका जटिलता र अबको बाटो



◆ श्रीचन्द्र खतिवडा

सार्वजनिक खरिद व्यवस्थापन सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण खम्बा हो । सार्वजनिक कोषको प्रयोग गरी नागरिकका सेवा प्राप्ति गर्ने संवैधानिक तथा कानुनी अधिकारहरूलाई सम्बोधन गर्ने विषय निकै महत्वपूर्ण मानिन्छ। त्यसैले आज विश्वव्यापी रूपमा नै यसको विविध आयामलाई निकै चासोका साथ अध्ययन गर्ने गरिएको छ। सार्वजनिक खरिद व्यवस्थापनको प्रत्यक्ष सम्बन्ध योजना निर्माण, बजेट कार्यान्वयन, पूँजीगत खर्च तथा सेवा प्रवाहसँग रहने हुनाले समग्र विकास व्यवस्थापनमा यसको उल्लेखनीय भूमिका रहेको देखिन्छ ।

विश्वव्यापी तथ्यांक हेर्दा सार्वजनिक खरिदले कुल गार्हस्थ्य उत्पादनको करिब १२ देखि २० प्रतिशत ओगटेको देखिन्छ । नेपालमा वार्षिक बजेटको करिब ७० प्रतिशत सार्वजनिक खरिदसँग सम्बन्धित बजेट भएको परिप्रेक्ष्यमा यसको गाम्भीर्य तथा महत्व स्पष्ट हुन्छ ।

महालेखा परीक्षकको ६०औं वार्षिक प्रतिवेदन २०७९ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पछिल्ला वार्षिक प्रतिवेदनहरूका अधिकांश विषय सार्वजनिक खरिदसँग सम्बन्धित थिए । यो बेरूजु तथा अनियमितताको ठूलो स्रोतका रूपमा रहेको यथार्थले सार्वजनिक खरिदको क्षेत्रमा सारभूत रूपमा नै समस्या र बेथितिहरू रहेको स्पष्ट हुन्छ ।

सार्वजनिक खरिद कानुनमा समयानुकूल संशोधन हुनसकेको छैन भने प्रदेश र स्थानीय तहमा खरिद कानुन बनाउने र अभ्यास गर्ने-गराउने गरी सुधारका कार्य पनि हुनसकेको छैन । माथि उल्लिखित दृटान्तहरूबाट बहुआयामिक पक्षहरूलाई सरोकार राख्ने विषयवस्तु भए पनि नेपालको सार्वजनिक खरिद व्यवस्थापन समस्या तथा अन्योलको भुमरीमा रहेको तथ्य उजागर हुन्छ ।

### के हो चुरो समस्या ?

देशको समग्र पूँजीगत खर्चसँग प्रत्यक्ष सरोकार राख्ने सार्वजनिक खरिद नेपालको सन्दर्भमा सबैभन्दा बेवास्तामा परेको छ । सार्वजनिक खरिद सम्बन्धी नीति तथा कानुन रूनै नीतिनिर्माता तथा प्रशासनिक नेतृत्वको चासोको विषय बन्न सकेको छैन । सार्वजनिक खरिद अनुगमन कार्यालयमा सरूवा भएर आउने नेतृत्व वर्गले जबरजस्ती पेलिएर, हुत्याइएर पठाइएको महसुस गर्छन् । बजेट अभाव छ । कर्मचारी वृत्तमा उत्प्रेरणाको अभाव छ । यिनै विषयबाट सिर्जित प्रवृत्तिगत तथा संरचनागत समस्या धेरै छन् ।

१७ वर्षभन्दा पुरानो ऐन कानुनको भरमा समग्र सार्वजनिक खरिद सञ्चालन गरिरहनुपरेको अवस्थामा यसको सुधार तथा परिमार्जनमा सरोकारवालाहरूको पर्याप्त ध्यान पुग्न सकेको देखिंदैन। संघीयता कार्यान्वयन भएको दुई कार्यकाल हुनै लाग्दा समेत संघीयता अनुकूल सार्वजनिक खरिद ऐन र नियमावलीहरू परिमार्जन हुनसकेको छैन । यस्तो पृष्ठभूमिमा सार्वजनिक खरिद सम्बन्धी सक्षम मानव स्रोत विकास गर्ने-गराउने कुनै पनि मार्गचित्र योजना नहुनु अर्को दु:खद् पक्ष हो ।

### खरिद योजना : फगत देखाउने दाँत मात्र

नेपालको सार्वजनिक खरिदको क्षेत्रमा देखिएको विविध समस्यामध्ये खरिद योजनामा देखिएको समस्या एउटा मुख्य हो। वार्षिक १० लाखभन्दा बढीको सार्वजनिक खरिद गर्ने सार्वजनिक निकायले अनिवार्य रूपमा वार्षिक खरिद योजना बनाउनुपर्ने तथा १० करोडभन्दा बढी वा बहुवर्षीय आयोजना भए खरिद गुरूयोजना बनाउनुपर्ने कानुनी व्यवस्था छ। तर, यसको अक्षरशः कार्यान्वयन हुनसकेको छैन ।

लागू गरिएका खरिद योजना तथा गुरूयोजना पनि औपचारिकता पूरा गर्ने तथा देखावटी मात्र छन्। बजेटको विनियोजन तथा खरिदको वास्तविक अवस्था तथा आवश्यकतालाई खरिद योजना तथा गुरूयोजनाले प्रतिबिम्बित गर्न सकेको अवस्था छैन ।

हरेक सार्वजनिक निकायले गर्ने खरिदलाई नियमित वार्षिक क्यालेण्डर बनाई सोही बमोजिम समयमा नै खरिदका प्रक्रियाहरू सम्पन्न गर्न खरिद योजना तथा गुरूयोजना महत्वपूर्ण पक्ष हो तर पनि यसतर्फ विशेष चासो तथा पहलकदमी हुनसकेको छैन। सार्वजनिक खरिदको अनुगमन कार्यालयमा पनि सबै सार्वजनिक निकायको अनुगमन गर्ने तथा निरन्तर सुधारका पहल गर्ने अनिवार्य अत्यावश्यकीय कार्य गर्न पर्याप्त जनशक्ति तथा संगठन संरचना छैन ।

### लागत अनुमान तयारी: वास्तविकता भन्दा पर

लागत अनुमान यथार्थपरक तथा एकरूपता नहुनु पनि नेपालको सार्वजनिक खरिदको क्षेत्रमा देखिएको अर्को समस्या हो । मुख्यतया लागत अनुमान तयार गर्दा लिइने जिल्ला तथा स्थानीय दररेट बजारको यथार्थ अवस्थासँग मेल खाँदैन । माल-सामान खरिदको सम्बन्धमा सार्वजनिक निकायमा सम्बन्धित प्राविधिक जनशक्ति अभाव छ। लागत अनुमान तयार गर्ने दक्ष जनशक्ति अभाव छ। यस सम्बन्धमा पर्याप्त तालिम तथा ज्ञान-निर्माणका लागि सबै सरोकारवाला निकायको यथेष्ट पहल हुन नसक्नु यसका केही कारण हुन् ।

वास्तविक र यथार्थपरक लागत अनुमान तयार हुन नसक्दा समग्रमा सम्पूर्ण सार्वजनिक खरिदको जग नै कमजोर तथा गलत बाटोतर्फ जाने र सम्झौता व्यवस्थापनमा विभिन्न कानुनी र प्राविधिक जटिलता आउने गरेको देखिन्छ ।

### खरिदका विधि तथा प्रक्रिया छनोट: नवप्रवर्तनको प्रयोगतर्फ ढिलाइ

खरिदका विधि तथा प्रक्रियाका सन्दर्भमा सार्वजनिक निकायमा पर्याप्त ज्ञान तथा जानकारी पुग्न नसक्दा उपयुक्त खरिदका विधि छनोट हुनसकेको देखिंदैन । खरिद विधि तथा नमूना बोलपत्र सम्बन्धी कागजातका सम्बन्धमा पनि सार्वजनिक निकायहरूमा प्रशस्तै द्विविधा रहेको अवस्थामा खरिदका विधि छनोटमा नै जटिलता देखिएको हो ।

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएका नमूना बोलपत्र कागजातहरू पर्याप्त छैनन् । तिनले सबै निकायका सार्वजनिक खरिद गर्ने आवश्यकता पूरा हुन सक्दैन । आजको द्रुत विकासको युगमा नवीन विधि तथा अन्तर्राष्ट्रियस्तरमा भएका राम्रा अभ्यासहरूको प्रयोग गरी सार्वजनिक खरिदलाई परिष्कृत, सरल र प्रभावकारी बनाउनुपर्छ जुन जिम्मेवारी सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत अपेक्षित रूपमा पूरा गर्न सकेको छैन ।

खरिद सम्झौतापश्चात् यसमा उल्लेख गरिएका शर्तहरू अक्षरश: पालना गर्नु-गराउनुपर्ने दायित्व सार्वजनिक निकाय तथा ठेकेदार (कन्ट्रयाक्टर) दुवैको हुन्छ। नेपालको सन्दर्भमा खरिद सम्झौता सकिएपश्चात् आफ्नो जिम्मेवारी सकिएको महसुस गर्ने सार्वजनिक निकाय तथा सम्झौताका शर्तको पालना गर्नु भन्दा अवाञ्छित गतिविधिमा ध्यान दिने कन्ट्रयाक्टरका प्रवृत्ति साझा समस्याका रूपमा देखिएको छ ।

खरिद सम्झौताका शर्तहरू पालना नगर्ने, ढिलासुस्ती गर्ने तथा जथाभावी म्याद थप गर्ने-गराउने र समय लम्ब्याउने, जथाभावी भेरिएसन गर्ने र गैरनैतिक स्वार्थको चलखेलमा रमाउने प्रवृत्ति अधिकांश खरिद सम्झौताका नियति बनेको छ ।

### अबको बाटो

सर्वप्रथम सार्वजनिक खरिद व्यवस्थापनलाई राज्यले उच्च प्राथमिकतामा राख्नुपर्ने हुन्छ । यसले देशको पूर्वाधार विकास गरी पूँजीगत खर्च बढाउने तथा रोजगारीका अवसरहरू देशभित्रै सिर्जना गर्ने काम सार्वजनिक मात्र गर्दैन समग्र सार्वजनिक सेवा प्रवाह तथा सुशासन कायम गराउने कार्यमा समेत टेवा पुऱ्याउने काम गर्दछ ।

तसर्थ सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पुनर्संरचना गर्नुपर्छ। समसामयिक रूपमा खरिद कानुन परिमार्जन गर्नुपर्दछ भने खरिद अनुगमन कार्यालयमा पर्याप्त जनशक्ति टिक्ने गरी उत्प्रेरणाका कार्यक्रम समावेश गर्नुपर्छ। विभिन्न खरिदका नमूना कागजात तथा निर्देशिकाहरू जारी गर्ने विद्युत्तीय खरिद सम्बन्धी पोर्टललाई कामकाजी र बलियो सुरक्षित प्रणाली बनाई मूल्याङ्कन तथा खरिद सम्झौता व्यवस्थापनमा सहजता तथा नवप्रवर्तन ल्याउने लगायतका संरचनागत, प्रणालीगत सुधारका कार्य गर्न जरूरी छ ।

साथै खरिदका विधि, कानुनी प्रक्रिया सम्बन्धमा व्यापक मात्रामा सहकार्य तथा साझेदारीमा आधारित रही तालिम तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ। वर्तमान अवस्थामा देशको अर्थतन्त्रलाई चलायमान बनाउने कार्यको आधारशिलाका रूपमा सार्वजनिक खरिद व्यवस्थापनका समग्र आयामलाई संस्थागत सुधार गर्ने कार्य नै सर्वोत्तम सन्तुलित र बुद्धिमानी प्रयास ठहर्छ ।

*(लेखक नेपाल सरकारका उपसचिव हुन् ।)*

# टिटानस कसरी हुन्छ, के छ उपचार ?

क्लोस्ट्रिडियम टिटानी नामको जीवाणु घाउचोटका कारण मानिसको शरीरभित्र प्रवेश गरेपछि हुने संक्रमण टिटानस हो । यसलाई नेपालीमा धनुष्टंकार रोग भन्ने गरिएको छ । यसको जीवाणु मानिस तथा पशुचौपायाको गोबर, फोहोर, हिलोमा पाइन्छ ।

यो रोग लागेपछि मानिसको शरीर धनु झैँ तन्किने, बाँगिने भएकाले यसलाई धनुष्टंकार भनिने गरिएको हो । टिटानस सरुवा रोग भने होइन ।

टिटानसका जीवाणु शरीरभित्र वर्षौँसम्म बाँचिरहन सक्छन् । यसले उत्पादन गर्ने टिटानोस्पाज्मिन पदार्थले हाम्रो स्नायु प्रणाली, मस्तिष्क र मांसपेशीमाथि नराम्रो असर पार्ने देखिन्छ । यी कीटाणुलाई २० मिनेटसम्म पानीमा उमाल्दा पनि मर्दैनन् । घाउचोटको माध्यमबाट शरीरभित्र प्रवेश गरेपछि कीटाणु सक्रिय हुन थाल्छन् । टिटानस जुनसुकै उमेर समूहका व्यक्तिलाई पनि हुन सक्छ । खासगरी बच्चा र वयस्कमा यो बढी देखिन्छ । बच्चाहरू खेल खेल्दा धेरै घाउचोट लाग्ने हुँदा त्यसैमार्फत क्लोस्ट्रिडियम टिटानी ब्याक्टेरिया शरीर भित्र प्रवेश गर्ने हुन्छ । वयस्कहरू कामकाजमा बढी सक्रिय हुने क्रममा घाउचोट लाग्न सक्छ । त्यसैले यो उमेर समूहलाई टिटानस बढी हुने सम्भावना हुन्छ ।



नेपालमा पछिल्लो समय टिटानस संक्रमण दर कम भएको छ । भूकम्पको समयमा यसको खोप लगाउने बढेका थिए भने हिजोआज फाट्टफुट्ट मात्रै देखिन्छन् ।

### टिटानसका लक्षण

टिटानसका जीवाणु शरीरभित्र प्रवेश गरेको एक-दुई हप्तापछि लक्षण देखिन्छ । ज्वरो आउने, पखाला लाग्ने, टाउको दुख्ने समस्या हुन्छ । बंगाराको मांसपेशी कडा हुने र मुख खोल्न तथा बन्द गर्न गाह्रो हुने, खाना खान, पेय पदार्थ पिउन गाह्रो हुने, पेट साह्रो हुने, शरीरको पछाडिको मांसपेशी खुम्चिने जस्ता समस्या देखिन्छन् । यसैगरी मांसपेशीमा पीडा बढ्दै जाने, श्वासप्रश्वास छिटोछिटो हुने तथा श्वास फेर्न अप्ठ्यारो हुने, धेरै पसिना आउने र रक्तचाप बढ्ने जस्ता समस्या पनि टिटानसका लक्षण हुन् ।

### उपचार र रोकथाम

कुनै चीजले काट्यो वा चोटपटक लाग्यो भने घाउ राम्रोसँग डेटोल पानीले सफा र ब्यान्डेज लगाउने गर्नुपर्छ । यसलाई समय-समयमा सफा गरेर औषधि लगाउने गर्नुपर्छ ।

यदि घाउबाट टिटानस फैलिएको छ भने त्यो घाउलाई सफा गर्ने, घाउको संक्रमण रोक्नका लागि एन्टिबायोटिक औषधि लगाउने तथा मांसपेशीको दुखाइ कम गर्न आवश्यक औषधि खानुपर्छ । त्यस्तै टिटानसको एन्टिटक्सिन इन्जेक्सन लगाउने, यसले गर्दा शरीरभित्र ब्याक्टेरियाले पैदा गरेको विषादिलाई निष्फल बनाउन र मांसपेशीको कडापन र पीडा हटाउनु मद्दत गर्छ । बिरामीको अवस्था बिग्रिँदै गएको खण्डमा उपचार गर्न नसके बिरामीको मृत्यु समेत हुन सक्छ ।

टिटानसबाट बच्न बच्चालाई सानो छँदा दिनुपर्ने सम्पूर्ण खोप लगाउने, हरेक १० वर्षमा टिटानसको थप बुस्टर खोप लगाउने, गर्भवती महिलाले पनि टिटानसको खोप लगाएमा यी रोग लाग्न सम्भावना न्यून हुन्छ । तर हिजोआज टिटानसको खोप लगाउने चलन त्यति देखिँदैन । कुनै कीला वा खिया लागेका धारिलो वस्तुले चोट लगाएमा मात्रै खोप लगाउने गरेको पाइन्छ । टिटानसको जुनसुकै औषधि पसलमा पाइन्छ । टीटी खोप ५० रूपैयाँमा पाइन्छ भने हेमोग्लाबिन (एचबी)को खोप केही महंगो पर्न सक्छ ।

## टिटानसको खोप किन लगाउनु पर्छ ?

कुनै कारणवश चोट लाग्दा, जनावरले टोक्दा वा कुनै धारिलो हतियारले काटेमा टिटानसको खोप लगाउने सल्लाह दिइन्छ । अझ खिया लागेको हतियारले चोट लागेमा टिटानसको खोप लगाउनैपर्छ भनिन्छ ।

टिटानस जुनसुकै उमेर समूहका व्यक्तिलाई पनि हुनसक्छ । खासगरी बच्चा र वयस्कमा यो बढी देखिन्छ । बच्चाहरू खेल खेल्दा धेरै घाउ चोट लाग्ने हुँदा त्यसैमार्फत 'क्लोस्ट्रिडियम टिटानी ब्याक्टेरिया' शरीरभित्र प्रवेश गर्ने हुन्छ । वयस्कहरू कामकाजमा बढी सक्रिय हुने क्रममा घाउ चोट लाग्न सक्छ । त्यसैले यो उमेर समूहलाई टिटानस हुने सम्भावना बढी हुन्छ ।



#### कुकुरले टोक्दा धेरैले टिटानसको खोप लगाउँछन्, किन ?

मानिस, जनावर, पशु चौपायाको गोबर, फोहोर र धुलोमा क्लोस्ट्रिडियम टिटानी नामको जीवाणु हुन्छ । कुकुरले टोक्दा चोट लागेमा त्यसमा पनि विभिन्न माध्यमबाट क्लोस्ट्रिडियम टिटानी शरीरमा पुग्ने भएकाले कुकुरले टोक्दा टिटानसको खोप लगाउनुपर्छ ।

#### यसले के काम गर्छ ?

टिटानसको एन्टिटक्सिन खोपले शरीरभित्र ब्याक्टेरियाले पैदा गरेको विषादलाई निष्फल बनाउन र मांसपेशीको कडापन र पीडा हटाउनु मद्दत गर्छ ।

#### टिटानस के हो ? यो कसरी सर्छ ?

टिटानस ब्याक्टेरियाको संक्रमणका कारण हुने एक गम्भीर समस्या हो । यो रोग क्लास्ट्रीडियम टिटानी नामक ब्याक्टेरियाको संक्रमणका कारण हुने गर्छ । यस्ता ब्याक्टेरिया विशेषगरी धुलो, माटो र पशु मलमा पाइन्छ ।

जब यो ब्याक्टेरिया कुनै घाउमा प्रवेश गर्छ, तब शरीरमा टेटनोस्पास्मिन नामक विष पैदा हुन्छ । यो विषाक्त बिस्तारै शरीरमा फैलिएर शरीरको तन्त्रिका (मोटर न्युरोन, जसले मांसपेशीलाई नियन्त्रण गर्छ)लाई असर गरी शरीर अड्किने, जकडिने जस्ता गम्भीर समस्या निम्त्याउने गर्छ, जुन टिटानसको प्रमुख लक्षण हो । समयमै टिटानस विरुद्धको खोप नलगाएमा मानिसको मृत्यु समेत हुनसक्छ ।

#### खिया लागेको धारिलो फलाम वा धातुले काट्दा टिटानसको खोप लगाउनैपर्छ ?

चोट लाग्दा होस्, वा कुनै धारिलो हतियारले काटेमा, अझ खिया लागेको हतियारले चोट लागेमा टिटानसको खोप लगाउनैपर्छ । किनकि टिटानसको सुईले घाउमा संक्रमण हुन दिँदैन ।

#### यो कहाँ लगाउने ? कहाँ कहाँ उपलब्ध हुन्छ ?

टिटानसको खोप अस्पताल, स्वास्थ्य चौकी र सामान्य औषधि पसलमा पनि उपलब्ध हुन्छ । त्यसैले केही कारण चोटपटक लागेमा नजिकैको औषधि पसलमै गएर पनि यो खोप लगाउन सकिन्छ ।

#### कति पटक लगाउनुपर्छ ?

टिटानसबाट बच्न बच्चालाई सानो छँदा दिनुपर्ने सम्पूर्ण खोपमा टिटानस खोप पनि लगाउनुपर्छ । साथै हरेक १० वर्षमा टिटानसको थप बुस्टर खोप लगाउने, गर्भवती महिलाले पनि टिटानसको खोप लगाएमा यी रोग लाग्न सम्भावना न्यून हुन्छ । कुनै किला वा खिया लागेका धारिलो वस्तुले चोट लागेमा पनि खोप लगाउनुपर्छ ।

#### कति पर्छ खोपको मूल्य ?

टिटानस खोप सामान्यतया औषधि पसलमा ५० देखि ६० रूपैयाँमा लगाउन सकिन्छ ।






## दादुरा/रुबेला खोप अभियान सम्बन्धी जरुरी सूचना !

दादुरा/रुबेला रोगबाट बालबालिकालाई सुरक्षित गरी नेपालबाट यो रोग निवारण गर्न हाम्रो थाहा नगरपालिका अन्तर्गतका खोप केन्द्रहरुमा यहि मिति २०८० साल फागुन महिनाको १३ गते देखि १९ गतेसम्म दादुरा रुबेला खोप अभियान संचालन हुँदैछ । यस अभियानमा पहिले दादुरा रुबेला खोप लगाएका, नलगाएका ९ महिनादेखि ५ वा १५ वर्ष मुनिका सबै बालबालिकालाई आफूलाई पायक पर्ने खोप केन मा लगि दादुरा/रुबेला विरुद्धको खोप अनिवार्य रुपमा लगाउनुहुन अनुरोध छ । साथै, यस अभियानमा ५ बर्ष मुनिका बालबालिकालाई छुट भएको नियमित खोप पनि लगाइने भएकोले खोप कार्ड लिई आउनु हुन पनि अनुरोध छ ।

**खोप सञ्चालन हुने स्थान मिति र समयः**

| स्वास्थ्य संस्था | मिति | समय |
|---|---|---|
| **नयाँबस्ती आधारभूत स्वास्थ्य केन्द्र थाहा-१ अन्तर्गका खोप केन्द्रहरुमा** | | |
| सुनौला डाँडा कुन्छाल | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| ओखरबजार लालिगुराँस भवन | मिति २०८० फागुन १४ | |
| टाखेल पन्चकन्या स्कुल | मिति २०८० फागुन १५ | |
| नयाँबस्ती आधारभूत स्वास्थ्य केन्द्र | मिति २०८० फागुन १५ | |
| **पालुङ्ग स्वास्थ्य चौकी थाहा-२ अन्तर्गका खोप केन्द्रहरुमा** | | |
| स्मृति खोप केन्द्र | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| मत्स्य नारायण मावि सोल्टू | मिति २०८० फागुन १४ | |
| सरस्वती आधारभूत विद्यालय अंगारे | मिति २०८० फागुन १५ | |
| पालुङ्ग स्वास्थ्य चौकी | मिति २०८० फागुन १६ | |
| **पालुङ्ग प्राथमिक स्वास्थ्य केन्द्र थाहा ४ अन्तर्गका खोपकेन्द्रहरु** | | |
| सेति गणेश आधारभूत विद्याल | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| जनकल्याण मावि | मिति २०८० फागुन १३ | |
| घर्तिखोला, बागेखोला खोप केन्द्र | मिति २०८० फागुन १४ | |
| रुप्से, महांकाल प्रावि | मिति २०८० फागुन १५ | |
| हिमालयन बोर्डिङ्ग स्कुल र पालुङ्ग भ्याली हार्ट एकेडेमी | मिति २०८० फागुन १६ | |
| किटेनी, घलेडाँडा | मिति २०८० फागुन १७ | |
| पालुङ्ग प्राथमिक स्वास्थ्य केन्द्र | मिति २०८० फागुन १८ | |
| **दामन शहरी स्वास्थ्य केन्द्र थाहा-४ अन्तर्गका खोप केन्द्रहरु** | | |
| श्री कल्याण प्रावि थाहा ५ | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| श्री बालकुमारी प्रावि थाहा ४ | मिति २०८० फागुन १४ | |
| रिषेश्वर प्रावि थाहा ४ | मिति २०८० फागुन १५ | |
| दामन शहरी स्वास्थ्य केन्द्र | मिति २०८० फागुन १५ | |
| **भूमिस्थान आधारभूत स्वास्थ्य केन्द्र थाहा-५ अन्तर्गका खोप केन्द्रहरु** | | |
| फुर्के वसन्त खोप केन्द्र | मिति २०८० फागुन १४ | विहान १० बजेदेखि ५ बजेसम्म |
| भूमिस्थान आधारभूत स्वास्थ्य केन्द्र | मिति २०८० फागुन १५ | |
| **बज्रबाराही स्वास्थ्य चौकी थाहा-६ अन्तर्गका खोप केन्द्रहरु** | | |
| सरस्वती बोर्डिङ्ग स्कुल | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| इअन बोर्डिङ्ग स्कुल | मिति २०८० फागुन १३ | |
| वडा कार्यालय | मिति २०८० फागुन १३ | |
| बज्रबाराही मावि | मिति २०८० फागुन १४ | |
| उदय प्रावि | मिति २०८० फागुन १४ | |
| दुर्गा देवी आधारभूत विद्यालय तसर | मिति २०८० फागुन १५ | |
| बज्रबाराही स्वास्थ्य चौकी | मिति २०८० फागुन १६ | |
| **देउखेल शहरी स्वास्थ्य केन्द्र थाहा ७ अन्तर्गका खोप केन्द्रहरु** | | |
| डाँडाबास खोप केन्द्र | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| देउखेल शहरी स्वास्थ्य केन्द्र | मिति २०८० फागुन १४ | |
| पोखरीडाँडा खोप केन्द्र | मिति २०८० फागुन १५ | |
| चिसापानी खोप केन्द्र | मिति २०८० फागुन १६ | |
| देउखेल शहरी स्वास्थ्य केन्द्र थाहा ७ | मिति २०८० फागुन १७ | |
| **आग्रा स्वास्थ्य चौकी थाहा ८ अन्तर्गका खोप केन्द्रहरु** | | |
| लामिचौर | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| दामगाडे | मिति २०८० फागुन १४ | |
| बुद्ध निमावि | मिति २०८० फागुन १५ | |
| आग्रा स्वास्थ्य चौकी | मिति २०८० फागुन १६ | |
| **चित्लाङ्ग स्वास्थ्य चौकी थाहा ९अन्तर्गका खोप केन्द्रहरु** | | |
| क्लिफटन एकेडमी | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| जलदेवी प्रावि | मिति २०८० फागुन १४ | |
| प्रहरी चौकी चित्लाङ्ग | मिति २०८० फागुन १५ | |
| चित्लाङ्ग स्वास्थ्य चौकी | मिति २०८० फागुन १६ | |
| **टौखेल शहरी स्वास्थ्य केन्द्र थाहा-१० अन्तर्गका खोप केन्द्रहरु** | | |
| नाटेश्वर मावि | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| चम्पेश्वर आधारभूत विद्यालय | मिति २०८० फागुन १४ | |
| टौखेल शहरी स्वास्थ्य केन्द्र | मिति २०८० फागुन १५ | |
| **टिष्टुङ्ग स्वास्थ्य चौकी थाहा-११ अन्तर्गका खोप केन्द्रहरु** | | |
| मनकामना आधारभूत विद्यालय | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| माहांकाल आधारभूत विद्यालय | मिति २०८० फागुन १४ | |
| टिष्टुङ्ग स्वास्थ्य चौकी | मिति २०८० फागुन १५ | |
| **लिती आधारभूत स्वास्थ्य केन्द्र, थाहा १२ अन्तर्गका खोप केन्द्रहरु** | | |
| दोभानखोला तरकारी संकलन केन्द्र | मिति २०८० फागुन १३ | विहान १० बजेदेखि ५ बजेसम्म |
| रामसिंह चौर जगडाँडा | मिति २०८० फागुन १४ | |
| लिती आधारभूत स्वास्थ्य केन्द्र | मिति २०८० फागुन १५ | |

दादुर/रुबेला रोग लागेको १ जना व्यक्तिले १८ जनासम्मलाई संक्रमण गर्न सक्छ । त्यसैले यो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा रुबेला खोप लगाऔं र नेपालबाट दादुरा रुबेला रोग निवारण गरौं ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर


# मौरीपालन पकेट क्षेत्र विकास गरिंदै

◆ विकास संवाददाता



कृषि क्षेत्रको विकासलाई प्रागथमिकता दिँदै आएको मकवानपुरको बकैया गाउँपालिकाले पालिकालाई मौरीपालन पकेट क्षेत्रको रूपमा विकास गर्ने तयारी थालेको छ । पालिकाले अध्ययनपछि मौरीपालनको सम्भावना रहेको क्षेत्रका किसानलाई मौरीको घार वितरण गरेको छ ।

बकैया गाउँपालिकाले वडा नंम्बर ११ स्थित आहालेमा आइतबार आयोजित कार्यक्रममा पालिकाको वडा नंम्बर १०, ११ र १२ किसानलाई १३३ वटा मौरीको घार वितरण गरेको हो । गाउँपालिकाले यसअघि वडा नं. ११ र १२ का किसानलाई लक्षित गरी एक हप्ते मौरीपालन सम्बन्धी तालिम दिएर मौरी घार वितरण गरेको हो । पालिकाले सेरेना जातको मौरीपालनको लागि ६ लाख ६५ हजार रूपियाँ बराबरको मौरी घार वितरण गरेको छ ।

मौरी घार किसानलाई वितरण गर्दै बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारको कृषि ग्राम निर्माणलगायतका कृषि क्षेत्रमा बकैया गाउँपालिकाले गरेको लगानीको प्रसंशा गरे । उनले रोजगारी देश विकासको आधार भएको बताउँदै रोजगारीका लागि उद्यमशीलता आवश्यक भएको जोड दिए । मन्त्री चित्रकारले सडक, बिजुली, विद्यालयको भवनमा निर्माणलगायत भौतिक पूर्वाधार विकाससँगै दैनिकी चलाउन आर्थिक श्रोत आवश्यक पर्ने र त्यो उद्यमशीलता र रोजगारीबाट प्राप्त हुने भएकोले यो कसरी प्राप्त गर्न सकिन्छ भनेर अघि बढ्नु आवश्यक रहेको बताए ।

लगानी भएपछि त्यसको उपलब्धि हुने गरी विकासको कार्य गर्न आवश्यक रहेको उनको भनाई थियो । देशको विकासमा भौतिक पूर्वाधार आवश्यक छ मन्त्री चित्रकारले भने, आयआर्जनका लागि उद्यमशीलता, व्यवसायीकरण पनि आवश्यक भएकोले कृषिलाई उद्योगका रूपमा विकास गर्नु आवश्यक छ । उनले पूर्वाधार विकाससँगै कार्यक्रममा बागमती प्रदेश सभा सदस्य श्रीराम लामिछानेले कृषिमा आधुनिकीकरणसँगै व्यावसायीकरण आवश्यक भएको बताउँदै कृषि उत्पादनलाई बजारसम्म पुर्‍याउन प्रदेश सरकारले सहयोग गर्ने बताए ।

प्रदेश सभा सदस्य लामिछानेले प्रदेश सरकारले कृषि उद्यमशीलतालाई जोड दिएको बताउँदै स्थानीय तहलाई बजेट उपलब्ध गराउने र स्थानीय तहले पकेट क्षेत्र बनाएर उत्पादनमा जोड दिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लमिछानेले बकैयामा मौरीपालनको राम्रो सम्भावना रहेको अध्ययनले देखाएको बताउँदै किसानको आयआर्जन बृद्धिमा सहयोग गर्दै आत्मनिर्भर बनाउन पालिकाले मौरी घार उपलब्ध गराएको बताए । उनले पालिकाका किसानले उत्पादन गर्ने कृषिजन्य उत्पादनको बजारीकरणका लागि पालिकाले सहजीकरण गर्ने बताए ।

# मकवानपुरमा ३२ हजारलाई दादुरा–रूबेलाविरूद्ध खोप लगाइँदै

◆ विकास संवाददाता



मुलुकभरका बालबालिकालाई दादुरा, रूबेलाविरूद्ध खोप लगाउने अभियानअन्तर्गत मकवानपुर जिल्लामा ३२ हजार छ सय ६५ लाई खोप लगाइदै छ । १३ फागुनबाट नौ महिनादेखि पाँच वर्षमुनिका बालबालिकालाई खोप लगाइने जिल्ला जनस्वास्थ्य कार्यालय हेटौँडाले जनाएको छ । सो खोप अभियानअन्तर्गत पाँच सय २० केन्द्रमार्फत बालबालिकालाई खोप लगाइने कार्यालयका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । उनका अनुसार जिल्लामा तीन सय ४० स्वास्थ्य स्वयंसेविका परिचालन गरी खोप दिइनेछ ।

लक्षित उमेरका बालबालिकालाई खोप लगाएर दादुरा तथा रूबेला रोगविरूद्ध प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरी ती रोगबाट सङ्क्रमण हुनसक्ने सम्भावनालाई न्यूनीकरण गर्ने लक्ष्यका साथ अभियान सञ्चालन गरिएको घिमिरेले बताए । सन् २०२६ सम्ममा दादुरा, रूबेला रोग निवारण गर्न सरकारले प्रतिबद्धता गरेको थियो । नेपालभरि गत आर्थिक वर्षमा एक हजार तीन सय ५० मा दादुरा–रूबेला रोग देखिएकामा मकवानपुरमा ४० जना सङ्क्रमित भेटिएको थियो ।

बागमती प्रदेशमा नुवाकोटबाहेक सबै जिल्लामा पूर्ण खोप घोषणा भइसकेको छ । दादुरा–रूबेला खोप नलगाएमा अन्धोपन हुने, पखाला लाग्ने, कान पाक्ने, न्यूमिनिया हुने इन्सेफलाइटिक्स हुने, कम्पन्न हुने तथा बालबालिकाको मृत्यु हुनसक्ने भएकाले नियमित रूपमा खोप लगाउनुका साथै छुटेका बालबालिकालाई समेत अनिवार्य खोप लगाउनुपर्ने जनस्वास्थ्य कार्यालयले आग्रह गरेको छ । जिल्लामा नियमित खोप कार्यान्वयनमा हेटौँडा उपमहानगर पालिका, थाहा नगरपालिका र मकवानपुर गढी गाउँपालिका उत्कृष्ट रहेका जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

# राक्सिराङका कृषकलाई उन्नत गाई वितरण

◆ विकास संवाददाता

दुध डेरीको हब बनाउने उद्देश्यले मकवानपुरको राक्सिराङ गाउँपालिकाले किसान उन्नत जातको गाई वितरण गरेको छ । ११ फागुनमा एक कार्यक्रमका बीच र ाक्सिराङ गाउँपालिका ३ का गाईपालक किसानहरूलाई उन्नत जातका १० वटा जर्सी गाई वितरण गरेको हो ।

उन्नत जातको गाईपालन अनुदान कार्यक्रम अन्तर्गत राक्सिराङ वडा नम्बर ३ का १० जना किसानहरूलाई गाई वितरण गरिएको छ । ३ नम्बर वडा गाईबस्तु पालन गर्न उपयुक्त स्थान रहेको बताउदै गाउँपालिका अध्यक्ष राज कुमार मल्लले दुध लगायत दुधबाट बनेका अन्य सामग्रीहरू बजारीकरण गर्न सजिलो हुने बताए । उन्नत जातका गाईबाट नश्लसुधार गरि सबैलाई जीवन निर्बाह गराउने र बजार व्यबस्थापन दिगो बनाउने उनले भने । त्यस्तै थप अन्य प्रोत्साहनहरू समेत रहने बताए। किसानको मागलाई ध्यानमा राखी ठाउ अनुसारको पकेट क्षेत्र बनाउदै जाने योजना रहेको छ । मौरी, चिउरी, गाई, बाख्रा, तरकारी लगायतको पटक क्षेत्र बनाउदै लैजाने बताए ।

वितरण गरिएको गाईको पूर्ण बिमा रहेको छ । कुनै आवश्यक समस्या परेमा पशुपन्छी विकास शाखालाई खबर गर्न भनिएको छ। कार्यक्रममा गाउँपालिका अध्यक्ष राज कुमार मल्ल, उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत देबचन्द्र गर्तौलालगायतको आतिथ्यता रहेको थियो ।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# लालीगुराँसको साधारणसभा, ऋण लगानी मात्रै १ करोड १७ लाख

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर १ ओखरबजारबाट सेवा प्रदान गर्दै आएको लालीगुराँस महिला बहुउद्देश्यीय सहकारी संस्थाको २१ औं वार्षिक साधारणसभा भएको छ । थाहा नगर पालिकाका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा ७ फागुनमा जेसीज सभाहलमा सभा भएको ।

साधारणसभामा अध्यक्षको भावी नीति तथा कार्यक्रम प्रस्तुत गर्दै संस्थाका अध्यक्ष रीता प्रधानले ग्रामीण समुदायको सानो क्षेत्रबाट ४८ जना सदस्यहरूबाट सुरूवात गरिएको संस्थामा हाल थाहा १ र २ वडामा गरी ६ सय ९२ जना महिला शेयर सदस्यहरू रहेको सभालाई जानकारी गराइन् । अध्यक्ष प्रधानले संस्थाले आर्थिक क्रियाकलाप मात्र नगरी विभिन्न कार्यक्रम सञ्चालनमा रहेको बताइन् । संस्थाले मनोसामाजिक परामर्श सेवा कार्यक्रम अन्तर्गत प्राथमिक मनोवैज्ञानिक सहयोग, व्यक्तिगत मनोविमर्श, पारिवारिक मनोविमर्श, सामुदायिक मनोविमर्श, अभिमुखिकरण, तरकारी खेती, बाख्रापालनलगायतका कार्य र घरेलु हिंसामा पीडित महिलाहरूलाई उचित न्याय दिलाउने कार्यको पनि निरन्तर भईरहने कार्यक्रम प्रस्तुत गरिन् ।

अध्यक्ष प्रधानले आगामी दिनमा संस्थाको भवन स्तरोन्नति, सुत्केरी भेटघाट, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्बन्धि तालिम, किशोरी केन्द्रित कार्यक्रम, सदस्य सर्वेक्षण, शेयर सदस्य वृद्धि, कम्प्युटर सफ्टवेयर जडान, मनोसामाजिक परामर्श कार्यक्रम वडागत रूपमा संचालन गर्ने, घरेलु हिंसाको अन्त्य, लक्षित बर्गको महिलालाई कृषि तालिम तथा बीउ पुँजीको कार्यक्रमलगायतका नीति तथा कार्यक्रम अनुमोदन भएको छ ।

संस्थाकी अध्यक्ष रीता प्रधानको सभाध्यक्षतामा भएको साधारणसभामा संस्थाका कोषाध्यक्ष नानीछोरी प्रधानले प्रस्तुत गरेको आर्थिक प्रतिवेदनअनुसार संस्थाको शेयरपुजी २४ लाख ५४ हजार, बचत ८५ लाख ४४ हजार रूपियाँ र ऋण लगानी १ करोड १७ लाख रहेको छ । साधारणसभामा संस्थाका सचिव ऋतु कार्कीले प्रगति प्रतिवेदन प्रस्तुत गरिन् । प्रस्तुत सबै प्रतिवेदनहरू छलफलसहित सभाले पारित गरेको छ ।

साधारणसभामा प्रमुख अतिथि थाहा नगर उपप्रमुख भरत गोपालीले सहकारीले समाजमा उल्लेख्य योगदान गरेको भएता पनि केही सहकारीले नियतवस वदमासी गरेको हुनाले सदस्यहरूले विश्वासिलो संस्थामा मात्र कारोवार गर्नु पर्ने बताए । साधारणसभामा जिल्ला सहकारी संघका कोषाध्यक्ष विलमकुमार ढकाल, वडा नम्बर १ का कार्यवाहक अध्यक्ष सरोज प्रधान, सुखी भविष्य वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुरेन्द्रमान प्रधान, भुमी आयोग मकवानपुरका सदस्य अरूण रायमाझी, पालुङ क्याम्पसका क्याम्पस प्रमुख राजन मिश्रलगायतले शुभकामना दिएका थिए ।

# थाहानगरका मुक्तककार बिर्खे अञ्जानसहित तीनजना सम्मानित



◆ विकास संवाददाता

मुक्तक मञ्च मकवानपुरले थाहानगरका लक्ष्मण बर्तौला 'बिर्खे अञ्जान'सहित तीन जना मुक्तककारलाई सम्मान गरेको छ । मुक्तक मञ्च मकवानपुरको दोस्रो वार्षिक उत्सवको अवसरमा ७ फागुनमा आयोजित प्रथम अधिवेशन, १४ औं मुक्तक वाचन श्रृङ्खला तथा स्रष्टा सम्मान कार्यक्रमबाट तीन जना मुक्तककारलाई सम्मान गरेको हो । मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डिबी बर्तौलाद्वारा आफ्ना पिताको स्मृतिमा स्थापित् बहादुरानन्द स्मृति मुक्तक सम्मान २०८० बाट पोखराका मुक्तककार दीपक समिपलाई प्रदान गरेको छ । सम्मानको राशी ७ हजार ७ सय ७७ रूपैयाँ रहेको छ ।

मुक्तक मञ्च मकवानपुरका उपाध्यक्ष किशन पौडेलद्वारा स्थापित तारा स्मृति सम्मान २०८० बाट मुक्तककार हरिकृष्ण काफ्लेलाई प्रदान गरेको छ । प्रलेस मकवानपुरका अध्यक्ष श्रीराम अधिकारीद्वारा आफ्नो हजुरआमाको स्मृतिमा स्थापित 'इन्दिरादेवी स्मृति मुक्तक सम्मान २०७९' बाट थाहा नगरपालिकाका मुक्तककार बिर्खे अञ्जानलाई प्रदान गरेको छ । यो सम्मानको राशी नगद ५ हजार ५सय ५५ रूपैयाँ रहेको छ। कार्यक्रममा मकवानपुरे पत्रकार सुजन ढकाल र प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदीलाई सम्मान गरेको थियो । मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको अध्यक्षतामा भएको कार्यक्रममा अग्रज मुक्तककार देवराज खरेलको प्रमुख आतिथ्यता रहेको थियो । झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेललेसम्मानित भएका तीन जना मुक्तककारको संक्षिप्त परिचय दिएका थिए । कार्यक्रममा करिव दुई दर्जन व्यक्तिले आफ्नो मुक्तक वाचन गरेका थिए । कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका अध्यक्ष निमेष निखिल, साहित्यकार आरसी रिजाल, समाजसेवी सुदर्शन अधिकारीलगायतको आतिथ्यता रहेको थियो ।

# पालुङ क्याम्पसका विद्यार्थीहरूलाई साइवर अपराध न्यूनीकरण शिक्षा

◆ विकास संवाददाता

पालुङ जेसीजको आयोजनामा १० फागुनमा पालुङ क्याम्पसका विद्यार्थीहरूलाई साइवर अपराध न्यूनीकरण शिक्षा प्रदान गरिएको छ । क्याम्पस प्रमुख राजन मिश्रको प्रमुख आतिथ्यतामा क्याम्पसका विद्यार्थीहरूलाई इलाका प्रहरी कार्यालय पालुङका प्रहरी निरीक्षक श्याम थापा मगरले सहजीकरण गर्नु गरेका थिए ।

साइवर अपराध सम्बन्धी ज्ञान नहुनाले समाजमा साइवर मार्फत जघन्य अपराधहरू भैरहेकोले त्यसको न्यूनीकरणका लागि सो कार्यक्रमको आयोजना गरिएको कार्यक्रम संयोजक विराज थापाले जानकारी दिए । पालुङ जेसीजका अध्यक्ष




निरज रायमाझीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्षहरूलगायतको सहभागिता थियो ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरूरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणीचौर, मकवानपुर

आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त सम्बन्धी ३० दिने बोलपत्र आव्हानको सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/२५

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ को (घ) मा व्यवस्था भए बमोजिम थाहा नगरपालिकाबाट बाहिर जाने तरकारि व्यवसाय कर उठाउन २०८१ बैशाख देखि २०८१ साल चैत्र महिना सम्मको लागि बोलपत्रबाट ठेक्का लगाउनु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहायको शर्तको अधिनमा रहि रितपूर्कको सिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण तथा कागजातहरु यस कार्यालयको Website: www.thahamun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

तपशिल:

| ठेक्का नं. | विवरण | न्युनत्तम ठेक्का रकम रु. (भ्याट वाहेक) | टेण्डर फाराम दस्तुर रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १५/२०८०/८१ | तरकारी व्यवसाय निकासी कर | ४६,७९,०००।०० (छयालिस लाख उनान असी हजार) मात्र | २,०००।०० | कबोल अंकको ५% | |

प्रमुख प्रशासकीय अधिकृत



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# काम नगर्ने निर्माण व्यवसायी विरुद्ध पाँच दल, फोटो राखेरै प्रश्न

◆ विकास संवाददाता

मकवानपुरको मनहरीमा पुलको ठेक्का लिएर काम नगर्ने सांसद इन्द्र बहादुर बानियाँको फोटो व्यानरमा राखेर पाँच दलले बिरोध प्रर्दशन गरेका छन् । मनहरीमा पुल निर्माणको ठेक्का लिएर पनि काम नगर्ने बागमती प्रदेशसभाका सदस्य इन्द्रबहादुर बानियाँ सहितका फोटोहरू व्यानरमा राखेर यस क्षेत्रमा ११ फागुनमा प्रर्दशन गरिएको हो ।

पुल निर्माण गर्नका लागि बानियाँको कम्पनिले ठेक्का लिएपनि काममा धेरैनै ढिलासुस्ती गरेको, तोकिएको समयमा काम सम्पन्न नगरेको लगायतका मागहरू राख्दै आएका पाँच दलले बिरोधको नयाँ शैली अनुसार व्यानरमा फोटो रोखेर प्रर्दशन गरेका हुन् । उनी सहित अरू ठेकेदारहरूको पनि नाम र फोटो राखेर काम सम्पन्न नगरी अलपत्र पारेको निर्माण स्थलमा पाँच दलले प्रर्दशन गरिएको नेकपा एमाले मनहरी गाउँपालिकाका अध्यक्ष नविन सुवेदीले जानकारी दिए ।

मकवानपुरको मनहरी गाउँपालिकामा एक पछी अर्को अनियमितताका विषयमा पाँच राजनैतिक दलहरूले ध्यानाकर्षण गराए पनि पालिकाले कुनैपनि चासो नदेखाएकाले ठेकेदारको फोटो सहित पाँच दलले बिरोध प्रर्दशन गरेका हुन् । मनहरी गाउँपालिकामा कर्मचारी र जनप्रतिनिधीहरूको मिलेमतोमा नदिजन्य पदार्थमा गरिएको राजश्व छुट लगायतका विषयमा पाँच दलका नेताहरूले संयुक्त रूपमा हस्ताक्षर गरेर गाउँपालिकाको ध्यानाकर्षण गराएका थिए।

मनहरी गाउँपालिकामा भैरहेको योजनाहरूको ढिला सुस्ति, पाँच वटा पुल निर्माणमा भइरहेको ढिलाइ, गाउँपालिकामा भइरहेको निरन्तरको अनियमितता लगायतका विषयमा पाँच राजनैतिक दलले संयुक्त रूपमा ध्यानाकर्षण गराईए पनि चासो नदिएपछी चरणबद्ध आन्दोलनमा उत्रिएको अध्यक्ष सुवेदीले बताए ।

---

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय शिखरकोट

**सूचना ! सूचना !! सूचना !!!**

भूमि व्यवस्थापन तथा अभिलेख विभागको नाममा ब्लु बुक दर्ता कायम रहेको बा.२ ब ९५८२ नम्बर रहेको च्याचिस नं.: D2A11c43JRA03199 इन्जीन नं. DHYRJA26348 बजाज कम्पनी को १५० सिसि को रातो कालो मिश्रित मोटरसाइकल मिति २०८०।११।११ गतेका दिन थाहा नगरपालिका वडा नं. २ पालुङबाट हराएकोले फेला पार्नु हुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा यस मालपोत कार्यालय शिखरकोट मकवानपुरमा बुझाईदिनु हुन यो सुचना सबैको जानकारीका लागी प्रकाशित गरिएको छ ।

---

## वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं

- भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
- कामदार भिसा बाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियत हुन सक्छ,
- ठगहरुले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा ललान सक्छन्,
- त्यसैले आफ्नो भिसा यकिन गरेरमात्र वैदेशिक रोजगारमा जाऔं,

*वैदेशिक रोजगारीलाई सुरक्षित बनाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

---

## थाहा नगरपालिका रोजगार सेवा केन्द्रको सूचना

चालु आर्थिक वर्ष २०८०/८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकले २०८० फागुन महिनाभरिमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

निवेदनको ढाँचा र यससम्बन्धी थप जानकारी थाहा नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र, वडा कार्यालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np वा थाहा नगरपालिकाको वेबसाइट www.thahamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**थाहा नगरपालिका**
**रोजगार सेवा केन्द्र**

---

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

---

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी